लुम्बिनी प्रदेश सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

प.सं :- २०७८/७९ मिति : २०७९।०९।२५

च.नं :-

**विषय: सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस निर्देशनालयको यस आ.व. २०७९/८० को बार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गरेको आधारमा सामुदायिक क्याम्पसहरुको पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले यस प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुले कार्यक्रमको बिस्तृत बिबरण र कार्यान्वयन योजना सहित सञ्चालक समितिको निर्णय समेत संलग्न गरि निम्न ढाँचामा रहि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नु हुन जानकारी गराइन्छ। म्याद नाघि आएको प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत अनुरोध छ।

**प्रस्तावनाको ढाँचा**

१. क्याम्पसको सङ्क्षिप्त पृष्ठभूमि सहितको निम्न लिखित बिबरण संलग्न भएको क्याम्पस सुधार योजना

क) क्याम्पसको सङ्क्षिप्त चिनारी

ख) भौतिक अवस्था, क्षेत्रफल, भवन संख्या, कक्षा कोठा संख्या, खाने पानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान, कम्पाउन्ड वाल, पुस्तकालय, प्रयोगशाला, विद्यार्थी परिवहन साधन, अन्य

ग) क्याम्पस ब्यबस्थापन सम्बन्धी अवस्था: सन्चालक समिति/ बिषयगत समिति /अन्य समिति

घ) विद्यार्थी सङ्ख्या: सङ्कायगत र तहगत (दलित/मुस्लीम/अल्पसङ्ख्यक जातजातिको बिबरण)

ङ) पूर्णकालीन तथा आङ्शिक शिक्षकहरुको बिबरण

च) बिगत तीन बर्षको औषत नतिजा

छ) गत बिगत तीन आ.व. मा प्रदेश सरकारबाट उपलब्ध गराइएको अनुदान/सहयोग भए सो को वास्तविक प्रगति र प्रतिफल सम्बन्धी बिबरण

| कार्यक्रमको नाम | प्रदेश सरकारबाट उपलब्ध रकम | प्रगति | प्रतिफल (Output) | कैफियत |
|---|---|---|---|---|
| भवन निर्माण | | | | |
| शौचालय | | | | |
| कम्पाउन्ड वाल | | | | |
| पुस्तकालय | | | | |
| प्रयोगशाला | | | | |
| विद्यार्थी बस | | | | |
| अन्य | | | | |

२. प्रस्तावनाको उद्देश्य

३. प्रस्तावनामा माग गरेको कार्यक्रम: कक्षा कोठा निर्माण/अधुरो भवन निर्माण/भवन मर्मत/प्रयोगशाला/पुस्तकालय/कम्पाउन्ड वाल/ शौचालय/खानेपानी/विद्यार्थी परिबहन के हो खुलाउने

नि. निर्देशक

४. कार्य योजना
५. अनुमानित लागत
६. स्रोत ब्यबस्थापन
७. विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चितता तथा गुणस्तर अभिबृद्धिका लागि कार्य योजना
८. अपेक्षित उपलब्धी
९. अपेक्षित प्रतिफल सूचक
१०. जोखिम
११. निष्कर्ष

**<u>प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु</u>**

क) क्याम्पस संचालक समितिको निर्णय
ख) लेखा परीक्षण प्रतिवेदन
ग) पूर्णकालीन शिक्षकको नियुक्तिको छाँयाप्रति
घ) क्याम्पसको जगाको लालपुर्जा वा भोगाधिकार पाएको भए सो सम्बन्धी स्थानीय तहको पत्र

यम बहादुर के.सी.
निर्देशक
नि. निर्देशक

**<u>बोधार्थ</u>**

**श्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), दाङ** उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्युठान/दाङ/बाँके** : उल्लेखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गर्नुका साथै बिधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राख्नु हुन ।